# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खत्याड, मुगु

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः०७९/०८०
चलानी नं.

प्रथम पटक प्रकाशित मितिः२०७९/०९/२९

**विषयः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास) कार्यक्रम संचालनका लागि प्रस्ताव आब्हान सम्वन्धी सुचना ।**

उपरोक्त सम्वन्धमा यस खत्याड गाउँपालिकाको आ.व. ०७९/०८० को वार्षिक स्वीकृत नेपाल सरकार शर्सत अनुदान तर्फको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास) कार्यक्रम संचालन गरी कृषि व्यवसायिक तथा आधुनिकिकरणमा पुर्‍याउने उद्येश्यका लागि तपशिलका कार्यक्रमहरूमा सहायता प्राप्त गर्न चाहने ईच्छुक कृषि कृषक/कृषि फार्म/कृषक समुह तथा सहकारी संघ संस्थाहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा निम्न लिखित कागजात सहित कार्यालयवाट उपलब्ध निर्दिष्ट ढाँचामा रू.१० टिकट सहित निवेदन पेश गर्नहुन सवैलाई यस सुचना मार्फत जानकारी गराईन्छ ।

तपशिलः

| क्र. सं. | कार्यक्रमको विवरण | इकाई | लक्ष्य | अनुदानको अधिकतम सिमा | न्युनतम मापदण्ड |
|---|---|---|---|---|---|
| १. | स्याउँ ओखरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र स्थापना (पकेट विकास कार्यक्रम) | संख्या | २ | ७५ प्रतिशत | • प्राविधिक दृष्टिकोणले उपयुक्त कम्तिमा १० हेक्टर चाक्लाबन्दी भएको क्षेत्र हुनुपर्ने छ ।<br>• गुणस्तरीय फलफुल उत्पादन गर्ने सुनिश्चितता र दिगोपनको आधार । |
| २. | दलहन वालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास निरन्तरता कार्यक्रम | संख्या | ३ | ७५ प्रतिशत | • खत्याड गाउँपालिका आ.व.०७८/०७९मा संचालन भएका वडा नं. ०४ जिउँका, वडा नं. ०८ सुकाडिक र वडा नं. १० डुमाना अन्तर्गतका स्थानहरू मात्र ।<br>• गत आ.व.को कार्यक्रम प्रगति विवरणको आधारमा निरन्तरता दिन सकिने छ । |

दिप बहादुर कार्की
वि.प्रमुख प्रशाकिय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | व्यावसायिक बगैचा स्थापनाको लागि गुणस्तरीय स्याउँका विरुवा उपलब्धमा टेवा | वोट संख्या | ३००० | ८५ प्रतिशत | • प्राविधिक दृष्टिकोणले सम्भावित पकेट क्षेत्र भित्रका कृषक/कृषि फार्म/कृषक समुह तथा सहकारी संस्थाहरुलाई हुनुपर्ने छ। <br>• कम्तिमा १५०० वर्ग मि. क्षेत्रफलमा विरूवा रोपर्णको लागि वगैंचा रेखाङ्कन गरी खाड्ल तयार हुनुपर्ने छ । <br>• बगैचा स्थापनाको सुनिश्चितता र दिगोपनको आधार । |
| ४. | व्यावसायिक वगैंचा काटछाँड तथा सुद्धढिकरणको लागि कृषि सामग्री (सिकेचर,आरा,चुना, नलिाथुतो आदी) | संख्या | ५० | ७५ प्रतिशत | • रोपेको ५ वर्ष भन्दा माथि कम्तिमा ५० वोट स्याउका भएको हुनुपर्ने छ । |

दिप बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजातहरू:

१. जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि वा स्वामित्व खुल्ने कागजात, मञ्जुरीनामा, भाडाको भए सम्झौता पत्र
२. कृषि फार्म/कृषक समुह तथा सहकारीको हकमा दर्ता प्रमाण पत्र प्रतिलिपि नविकरण सहित र उक्त कार्यको लागि स्पष्ट खुल्ने निर्णयको प्रतिलिपि ।
३. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र (माथि उल्लेखित क्र.सं. १ र २ नं. कार्यक्रमको लागि मात्र ।
४. आवेदक/संचालकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
५. लागत व्यहोंने प्रतिवद्धता पत्र र सो घोषणा ।
६. कार्यालयबाट उपलब्ध रितपुर्वक भरिएको अनुसुचिमा संलग्न फारम सहित निवेदन ।

(पुनश्चः स्थानीय स्रोत साधनको समुचित प्रयोग गरी खाद्य पोषणको सुनिश्चित गर्दै व्यावसायिक एवं औद्योगिकरणमा रुपान्तरण हुने व्यावसाय संचालन गर्ने लाभग्राहीहरूलाई विशेष प्रथामिकता दिईनेछ ।)